# बिरुवा संरक्षण (पहिलो संशोधन) ऐन, २०७९

**प्रस्तावना**: बिरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "बिरुवा संरक्षण (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बिरुवा संरक्षण ऐन २०६४ को प्रस्तावनामा संशोधन**: बिरुवा संरक्षण ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "अवलम्बन गरी" भन्ने शब्दहरूपछि "राष्ट्रिय जैविक सुरक्षाका जोखिमहरूको न्यूनीकरण गर्ने र" भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधन**: मूल ऐनको दफा २ को,-

(१) खण्ड (घ), (ङ) र (च) को सट्टा देहायको खण्ड (घ), (ङ) र (च) राखिएका छन्:-

"(घ) "शत्रुजीव" भन्नाले बिरुवा वा बिरुवाजन्य उपजलाई हानि पुऱ्याउने बिरुवा, जनावर वा रोगका कारक सुक्ष्मजीव लगायतका जीव सम्झनु पर्छ र सो शब्दले सुक्ष्मजीवका जाति वा प्रजाति, नश्ल तथा बायोटाइपलाई समेत जनाउँछ।

(ङ) "नियमित शत्रुजीव" भन्नाले बिरुवा वा बिरुवाजन्य उपजलाई आर्थिक रूपमा हानि पुऱ्याउने भनी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको शत्रुजीव सम्झनु पर्छ र सो शब्दले क्वारेन्टाइन शत्रुजीव र नियमित नन्-क्वारेन्टाइन शत्रुजीवलाई समेत जनाउँछ।

(च) "क्वारेन्टाइन शत्रुजीव" भन्नाले नेपालमा नभएका वा भए पनि बृहत् रूपमा नफैलिएका र नियन्त्रणमा रहेका

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

आर्थिक रुपमा हानि पुऱ्याउने शत्रुजीव सम्झनु पर्छ।"

(२) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) "नियमित नन्-क्वारेन्टाइन शत्रुजीव" भन्नाले बिरुवा तथा बिरुवाजन्य उपजमा शत्रुजीवको उपस्थितिले त्यसको लक्षित उपयोगलाई आर्थिक रूपमा हानि पुऱ्याउन सक्ने शत्रुजीव सम्झनु पर्छ।"

(३) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

"(त) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(४) खण्ड (भ) पछि देहायको खण्ड (भ१) थपिएको छः-

"(भ१) "कार्यालय प्रमुख" भन्नाले दफा ३३ बमोजिम स्थापित कार्यालयको प्रमुख सम्झनु पर्छ।"

४. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>**: मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>समितिको गठन</u>**: (१) बिरुवा तथा बिरुवाजन्य उपजको क्वारेन्टाइन नीतिका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिन देहाय बमोजिमको एक प्लाण्ट क्वारेन्टाइन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सह सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (विश्व व्यापार सङ्गठन हेर्ने) | -सदस्य |
| (ग) | सह सचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (घ) | महानिर्देशक, भन्सार विभाग | -सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| (च) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ | -सदस्य |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) नेपाल सरकारले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित दुईजना विशेषज्ञ -सदस्य

(ज) विषयगत अनुभव भएका कृषक, कृषि व्यवसायी वा कृषि उद्यमीहरूमध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(झ) प्रमुख, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरु एकपटकको लागि पुनः मनोनयन हुन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको कार्य क्षमताको अभाव भएमा, खराब आचरण भएमा, इमान्दारीपूर्वक पदीय आचरण नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। त्यसरी हटाउँदा निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

**५.** **मूल ऐनको दफा ४ मा संशोधन**: मूल ऐनको दफा ४ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) समितिले आवश्यक देखेमा प्राविधिक वा विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

**६.** **मूल ऐनको दफा ५ मा संशोधन**: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्लाण्ट क्वारेन्टाइन लगायत बिरुवा स्वस्थता सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श दिने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियमन गरिएका वस्तुको पैठारी, निकासी, निरीक्षण र परीक्षण गर्दा लाग्ने शुल्क निर्धारण तथा पुनरावलोकन गर्ने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियन्त्रित वस्तुको पैठारी निकासी गर्ने कार्यमा संलग्न निजी क्षेत्र तथा सरकारी निकायबीच समन्वय कायम गर्ने,

(घ) नियमित शत्रुजीवको सूची अद्यावधिक गरी नेपाल राजपत्रमा प्रकाशन गर्न सिफारिस गर्ने,

(ङ) प्लाण्ट क्वारेन्टाइनसँग सम्बन्धित विशेषज्ञहरूको सूची तयार गर्ने,

(च) निकासी वा पैठारी गरिने बिरुवा वा बिरुवाजन्य उपजको स्वस्थता सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(छ) प्लाण्ट क्वारेन्टाइन सम्बन्धी तोकिए बमोजिम अन्य कार्य गर्ने।"

७. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>**: मूल ऐनको दफा ६ को उपदफा (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नियमित शत्रुजीवहरूको सूची तयार गर्ने र आवश्यकता अनुसार पुनरावलोकन र परिमार्जन गरी समिति समक्ष पेश गर्ने,"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) बिरुवा, बिरुवाजन्य उपज वा अन्य नियन्त्रित वस्तुहरूको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

निकासी, पैठारी, निरीक्षण तथा परीक्षण गर्दा लाग्ने शुल्क निर्धारण गर्न समिति समक्ष सिफारिस गर्ने,"

(३) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) प्लाण्ट क्वारेन्टाइन तथा बिरुवा स्वस्थतासँग सम्बन्धित विशेषज्ञहरूको सूची तयार गरी समिति समक्ष पेश गर्ने,"

८. <u>**मूल ऐनको दफा १२ मा संशोधन**</u>ः मूल ऐनको दफा १२ को,-

(१) उपदफा (४) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) बमोजिमको स्वस्थता प्रमाणपत्र दिँदा ई-फाईटो प्रणाली लागू गर्न सकिनेछ।"

<u>**स्पष्टीकरण**</u>ः यस उपदफाको प्रयोजनको लागि "ई-फाईटो" भन्नाले बिरुवा स्वस्थ्यता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम देशहरुबीच कम्प्युटर सफ्टवेयरको माध्यमबाट आदान-प्रदान गर्न सकिने गरी तयार गरिएको विद्युतीय बिरुवा स्वस्थ्य प्रमाणपत्र सम्झनु पर्छ।

९. <u>**मूल ऐनको दफा १४ मा संशोधन**</u>ः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. <u>**निरीक्षक तोक्न सक्ने**</u>ः (१) मन्त्रालयले मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी नेपाल कृषि सेवाको बाली संरक्षण समूहमा कार्यरत अधिकृत वा सोही सेवा समूहको प्राविधिक सहायक पदमा रही क्वारेन्टाइन सम्बन्धी कामको कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको कर्मचारीलाई निरीक्षकको रूपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षक तोक्नको लागि आवश्यक सङ्ख्यामा कर्मचारी उपलब्ध हुन नसकेको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको परामर्शमा मान्यताप्राप्त शिक्षण

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

संस्थाबाट कृषि विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको प्रदेश सेवाको कर्मचारीलाई समेत निरीक्षकको रुपमा तोक्न सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**ः मूल ऐनको दफा १५ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) निकासी वा पैठारी हुने काठका सामग्रीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको लोगो लागेको र प्रमाणीकरण भए नभएको सम्बन्धमा तोकिए बमोजिम सुनिश्चित गर्ने,"

११. **<u>मूल ऐनको दफा २३ मा संशोधन</u>**ः मूल ऐनको दफा २३ को,-

"(१) खण्ड (क) मा रहेका "पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ग) मा रहेका "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँदेखि एक लाख पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (घ) मा रहेका "पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

१२. **<u>मूल ऐनको दफा ३० मा संशोधन</u>**ः मूल ऐनको दफा ३० को उपदफा (१) मा रहेका "दफा ६ बमोजिमको" भन्ने शब्दहरूपछि रहेका "कार्यालय प्रमुख" भन्ने शब्दहरूको सट्टा "सङ्गठन प्रमुख" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल ऐनमा दफा ३५क. थप</u>**ः मूल ऐनको दफा ३५ पछि देहायको दफा ३५क. थपिएको छः-

"३५क. **<u>कार्यविधि बनाउन सक्ने</u>**ः मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि बनाउन सक्नेछ।”

१४. "**<u>रुपान्तर</u>**ः मूल ऐनको लामो शीर्षक तथा संक्षिप्त नाम र प्रारम्भको ठाउँ-ठाउँमा रहेका "बिरुवा संरक्षण" भन्ने शब्दहरुको सट्टा "बिरुवा क्वारेन्टाइन तथा संरक्षण" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।"

प्रमाणीकरण मितिः २०७९।०३।२४

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय